# बडीमालिका नगरपालिका

## स्थानीय राजपत्र

खण्ड- ८ संख्या -१ मितिः२०८१ माघ २ बुधवार

भाग-२

### बडीमालिका स्वास्थ्य नीति ,२०८१

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

आज्ञाले,

पदमबहादुर माझी

प्रमुख प्रशासकीय अधिकृत

## १. पृष्ठभूमिः

नेपालको संविधान २०७२ले नागरिकको मौलिक हकको रुपमा निःशुल्क आधारभुत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने तथा प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्वन्धमा जानकारी पाउने हकको सुनिश्चित गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा लिपिबद्ध भएका स्वास्थ्य सम्बन्धि स्थानीय तहका काम कर्तब्य र अधिकार प्रयोग गर्न स्थानीय सरकारका एकल अधिकार तथा प्रादेशिक अनि संघीय तह संगका साझा अधिकारको दायरमा रहि सेवा प्रवाह गर्न अपरिहार्य भएको छ । नेपालको राष्ट्रिय स्वास्थ्य नीति २०७६, सुदुर पश्चिम प्रदेशको स्वास्थ्य नीति २०७६, स्वास्थ्य सम्बन्धि नेपाल सरकार तथा प्रदेश सरकारले तय गरेका नीति तथा कार्यक्रमहरु, नेपाल सरकारले अर्न्तराष्ट्रिय प्रतिबद्धताहरु एवम् नगरपालिकाभित्रका स्वास्थ्य क्षेत्रका समस्या र चुनौतीहरु, आवश्यक र प्राथमिकताहरु, उपलब्ध स्रोतसाधन र अवस्थालाई समेत आधार बनाई नगरपालिकाको स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्न बडिमालिका नगरपालिकाको स्वास्थ्य नीति २०८१ तर्जुमा गरी जारी गरेको छ ।

## २. नितिगत सन्दर्भः

संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधान २०७२ जारी भइ सकेपछि संघीय र प्रादेशिक स्तरमा जारी भएका नीति, ऐन, कार्यक्रमहरु स्थानीय स्तरमा लागु गर्नुपर्ने छ । सुदुरश्चिम पश्चिम प्रदेशको उत्तर भेगमा रहेको बडिमालिका नगरपालिकामा सिमित स्रोत साधनका बाबजूद आधारभूत स्वास्थ्य सेवा तथा सरसफाई लगायत स्वास्थ्यसँग सम्बन्धित विभिन्न काम, कर्तब्य तथा अधिकार यस स्थानीय सरकारमा रहेको छ । राज्यको मौजुदा संरचना अनुसार स्थानीय सरकारले तल्लो तह र जन जनमा प्रत्यक्ष रुपमा स्वास्थ्य सेवा प्रवाह गर्दछ तथापि प्रदेश र संघले पनि आफ्नो नीति तथा कार्यक्रम मार्फत स्वास्थ्य प्रणाली सुधार गर्न, सेवामा गुणस्तर निर्धारण गरी लागु गर्न, सेवाको पहुँच सम्पूर्ण नागरिकसामु पुऱ्याउन तथा स्वास्थ्य सेवालाई सरकारी गैरसरकारी नीजि लगानी प्रबर्द्धन गरी साझेदारी र सहकारीको माध्ययमबाट स्वास्थ्य क्षेत्रको एकिकृत रुपमा विकास गर्ने नीति तथा उद्देश्य लिएको छ । विगतमा स्वास्थ्य क्षेत्रमा क्रमिक रुपमा सुधार हुँदै आएको भएता पनि हाम्रो राष्ट्रले नयाँ लक्ष्यहरु निर्धारण गरेको छ, संघीयता लागुभए सँगै स्वास्थ्य सेवा नपुगेका वडा र सो भन्दा टोल र वस्ती तहसम्मै विस्तारित भएकोले व्यस्थापकीय देखि प्रविधि सम्बन्धि नविनतम स्वाथ्य चुनौतीहरु विद्यमान छन् । हालसम्म गरेका उपलब्धीहरुलाई कायम राख्दै पहिचान भएका नयाँ चुनौतिको समाधान गर्न तीनै तहका सरकारको दायित्व हो । यस नगरपालिकामा एक जिल्ला अस्पताल तथा स्वास्थ्य कार्यालय, जिल्ला आर्युवेद उपचार केन्द्र, चार स्वास्थ्य चौकी तथा सात शहरी स्वास्थ्य सेवा केन्द्रहरुबाट स्वास्थ्य सेवा प्रवाह हुँदै आएकोछ ।

## ३. विद्यमान स्थितिः

बडिमालिका नगरपालिकाको जनघनत्व ६७ प्रति वर्ग मिटर छ भने यहाँको जनसंख्या बृद्धिदर ०.८७ प्रतिशत छ । यस नगरपालिकाको लैङ्गिक अनुपात १००.९२ प्रतिशत रहेको छ भने साक्षारतामा पुरुषको ८७ प्रतिशत र महिलाको ६८.९५ प्रतिशत रहेको छ । बाजुरा जिल्लाको सदरमुकाम भएको पालिका भएपनि बडिमालिका नगरपालिकामा स्वास्थ्य सम्बन्धि धेरै समसस्याहरु विद्यमान छन् । यस नगरपालिकामा बेला बेला यातायात तथा सञ्चार अबरुद्ध हुनेगरेकोले बिरामीलाई स्वास्थ्य सेवा प्राप्त गर्न अबरोध हुने गरेको छ ।

| सिनं. | सुचकहरू | जिल्लाको तथ्याङ्क | बडिमालिका नगपालिकाको तथ्याङ्क | | | दिगो बिकास लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १. | संस्थागत प्रशुतीको प्रतिशत | ६२.८ | १२५.३ | १०५.६ | ८२.९ | ९० | |
| २. | मातृ मृत्यु संख्या | १ | ० | ० | ० | <७० प्रति लाख | |
| ३. | जन्मदा कम तौल भएर जन्मिएका बच्चाहरूको प्रतिशत | ५.७ | ८.७ | ८.५ | १०.७ | | |
| ४. | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७७.२ | ० | ८४.४ | ८१.३ | ९० | |
| ५. | कम्तीमा एक पटक गर्भ जाँच गर्ने गर्भवति महिलाको प्रतिशत | ७७.७ | ११४.८ | १०६.७ | ९८.५ | ९० | |
| ६. | प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच गराएका महिलाहरुको प्रतिशत | ७४ | ७५.३ | ७९.८ | ८५.१ | ९० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच गराएका महिलाहरुको प्रतिशत | | | | | | |
| ८. | २४ घण्टा भित्र सुत्केरी जाँच गराएका महिलाहरुको प्रतिशत | ३६.५ | १२८.८ | १०५.१ | ८३.१ | ९० | |
| ९. | प्रजनन उमेरका महिलाहरुमा परिवार नियोजनको साधनका नयाँ प्रयोगकर्ता | १३.८ | २०.१ | १५.६ | १२.३ | | |
| १०. | १० देखि १९ वर्षका किशोरीहरु मध्ये तेऱ्ह हप्ता सम्म आइरन चक्की पाउने प्रतिशत | | ० | ० | ६७.१ | २० प्रति लाख | |
| | | | | | | | स्रोतः एच्.एम्.आई.एस् |

### ४. समस्या, चुनौती र अवसरः

### ४.१ समस्याः

- नेपालको संविधानले प्रत्याभुत गरे अनुरुपको स्वास्थ्य सेवा मौलिक हकको रुपमा अझै समतामुलक र सर्वसुलभ रुपमा सर्वत्र समान पहुँचमा छैन ।
- पर्याप्त भौतिक संरचना तथा दक्ष मानवस्रोत, औषधि, औजार तथा उपकरणको अभाबमा विभिन्न स्वास्थ्य सेवा गुणस्तरीय रुपमा प्रवाह गर्न जटिलता छ ।
- विकासको क्रममा यातायातको पहुँच र जलबायु परिवर्तनका असरका कारण विभिन्न नसर्ने रोग, सर्ने रोग तथा विभिन्न नयाँ कीटजन्य र जनावरबाट सर्ने रोगको जोखिम बढेको छ ।
- यस नगरपालिकाका स्वास्थ्य संस्थाका लागि औषधि एवम् खोपजन्य सामाग्री भण्डारण निमित्त सुविधायुक्त कोठा (कोल्ड चेन)को अभाबमा आपूर्ति व्यवस्थापन सहज हुन सकेको छैन जसले गर्दा स्वास्थ्य सेवा र कार्यक्रम प्रभावित भइरहेको छ ।
- खानपान र जनजीवनमा आधुनीकिकरणको प्रभावले गर्दा नसर्ने रोगहरु जस्तै अर्बुद रोग, मधुमेह, रक्तचाप, मानसिक रोग, कलेजो तथा फोक्सो सम्बन्धि रोगहरु बृद्धि हुँदै गइरहेकोछ ।
- नगरपालिकाका गरिब, दलित, जनजाती पिछडिएका वर्गमाझ सर्वसुलभ नहुँदा विपन्न नागरिकलाई गरिबीको दुष्चक्र भित्र परी आगामी पुस्ताको लागि समेत आर्थिक जोखिम पर्ने अवस्था छ ।
- यस नगरपालिकामा मौसमी बसाइ सराई बृद्धि भएको कारण सन्तुलित तवरले स्वास्थ्य सेवा तथा कार्यक्रम लागु गर्न कठिनाई भएको छ ।
- नगरपालिकामा फोहर व्यवस्थापनको राम्रो प्रबन्ध नहुँदा नगरवासीको स्वास्थ्यमा प्रतिकुल असर पर्ने तथा वातावरणको सरसफाइ र स्वच्छतामा ऱ्हास आएको छ ।
- नगरपालिकामा विस्तारै लागुऔषध, मादक पदार्थ जस्ता कुलत बृद्धि हुँनाको कारण नवयुवा युवतिहरु तथा पिडित परिवारमा प्रतिकुल असर परेको छ ।
- मातृस्वास्थ्य, नवजात तथा बाल स्वास्थ्य, किशोर किशोरी स्वास्थ्य, परिवार नियोजन जस्ता सेवामा गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गर्न स्वास्थ्य संस्थालाई अझैपनि समस्या छ ।
- नगपालिकामा परम्परागत जडिबुटि एवम् आयुर्वेदिक उपचार पद्धतिको उपयुक्त नियमन ,अनुगमन नहुनाले उपयुक्त व्यवस्थापन र सदुपयोग हुन सकेको छैन ।
- भरपर्दो इन्टरनेट र विद्युतको अभाबमा नगरपालिकाले सुरु गरेका बिद्युतीय स्वास्थ्य तथा टेलीमेडिसिन सेवा नियमित नरहेको तथा आधुनिक सूचना प्रणाली नियमितरुपमा सुचारु हुन सकेको छैन ।
- नगरपालिकामा बाल विवाह गर्ने, तथा बीस वर्ष अघि नै गर्भ रहनाले मातृ मृत्युदर तथा नवजात मृत्युदर न्यूनतम तहमा घटाउन चुनौतीपूर्ण बनेको छ ।

- अस्पताल, तथा स्वास्थ्य संस्थाबाट सञ्चालित कार्यक्रमहरु तथा सेवामा जवाफदेहीता कायम गर्न र सुशासन स्थापित गर्न जरुरी छ ।
- मापदण्ड अनुसार भौतिक संरचना, औजार उपकरण र दक्ष स्वास्थ्यकर्मी अभावका कारण गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा कठिनाइ छ ।

### ४.२ चुनौती :

- बडिमालिका नगरपालिकाका धरै बडाका बस्तीहरुमा कठिन किसिमको भूगोल छ ।
- नगरपालिकामा जिल्ला अस्पताल रहेपनि बडास्तरमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवामा नगरबासीलाई अझै गुणस्तरीय स्वास्थ्य सेवाको अभाव रहेको छ ।
- नगरपालिकाको स्वास्थ्य सेवामा सुशासन कायम गर्न अझै पनि कार्यहरु गर्नुपर्ने देखिन्छ र स्वास्थ्य क्षेत्रमा जवाफदेहीताको कमी रहनाले नगरबासीमाझ सार्बजनिक स्वास्थ्य सेवा प्रतिको असन्तुष्टि अझै कायम छ ।
- नगरपालिकाको स्वास्थ्य क्षेत्रको भौतिक संरचना जस्तै भवन, घेरबार तथा सडकमा पहुँचमा अझै पनि येथेष्ठ काम हुन बाँकी छ ।
- बडिमालिकाको स्वास्थ्य संस्था तह सम्म सेवा प्रवाह गर्न चाहिने बैकल्पिक उर्जा, विद्युत, कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर आदिको व्यवस्था सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा नरहेको अबस्था छ ।
- स्थानीय सरकारले प्रत्याभूत गराउने स्वास्थ्य सेवामा मातृ स्वास्थ्य, नवजात स्वास्थ्य, जेष्ठ नागरिक, किशोर किशोरी स्वास्थ्यको गुणस्तरीय  सेवा बडास्तरसम्म पहुँच पुऱ्याउन जरुरी छ ।

### ४.३ अवसर:

- नेपालको संविधान २०७२, राष्ट्रिय स्वास्थ्य नीति, २०७६, सुदुर पश्चिम प्रदेशको स्वास्थ्य नीति २०७६ लगायतका संघीय प्रादेशिक तथा स्थानीय तहले तर्जुमा गरेका ऐन, कानुन, कार्याविधि,, योजना, कार्यवीधि आदिलाई कार्यान्वयन गरी वडा, गाउँ,बस्ती सम्मै स्वास्थ्य सेवा विस्तार गर्ने ।
- भूगोल र सांस्कृतिक विशेषतालाइ मध्यनजर राखी नगरपालिका सान्दर्भिक योजना निर्माण गर्न तथ्यांकको प्रयोग गरी सेवा प्रवाह तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने ।
- हाल विकसित सूचना प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवाका विभिन्न पक्षमा सुधार ल्याउने तथा प्रविधिकै प्रयोगले नीजि स्वास्थ्य संस्था, पोलिक्लिनिक, औषधि पसल तथा प्रयोगशालाको उचित नियमन तथा अनुगमन गर्ने ।
- स्वास्थ्य सेवामा निर्धारण गरिएका गुणस्तर कायम गरी स्वास्थ्य सेवा सुनिश्चित गर्ने ।

## ५. निर्देशक शिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य, तथा उद्देश्यहरु

### ५.१ निर्देशक शिद्धान्त

बडिमालिका नगरपालिकाको आफ्नै पृथक किसिमको समस्या र चुनौतीहरु लाई व्यवस्थापन गरी विद्यमान अवसरहरुको आधारमा स्वास्थ्य सेवा प्रदान गर्न अपरिहार्य भएको छ । राष्ट्रिय स्वास्थ्य नीति र सुदुर पश्चिम प्रदेशको आफ्नै स्वास्थ्य नीति निर्माण भएसकेको सन्दर्भमा यस नगरपालिकाको पृथक अवस्थालाई ध्यानमा राखी स्थानीय सरकारले आफ्ना नगरवासीलाई स्वास्थ्य सेवा प्रदान गर्न यो स्वास्थ्य नीति तयार पारिएको छ । बडिमालिका नगरपालिकाको स्वास्थ्य नीति निर्माण गर्दा मौलिक निर्देशक सिद्धान्तको प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरिएका छन् । निम्न बमोजिमका निर्देशक सिद्धान्तका आधारमा नगरपालिकाको स्वास्थ्य नीति, २०८१ कार्यान्वयन गरिनेछ ।

- बडिमालिका नगरपालिकाका सम्पूर्ण नागरिकहरुलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सुनिश्चितता गरिने छ ।
- बडिमालिका नगरपालिकाका नागरिकलाई प्रदान गरिएको स्वास्थ्य सेवा सम्बन्धित सूचनाको हक सुनिश्चित गरी स्वास्थ्य सेवामा हरेक तहमा जनसहभागिता बढाइ सेवाग्राहीमाझ सन्तुष्टी बृद्धि गरिने छ  ।

- नगपालिकामा स्वास्थ्य सेवा प्रवाह गर्दा संविधान प्रदत्त महिला, बालबालिका, दलित, जनजाती, अपाङ्ग, ज्येष्ठ नागरिक तथा लैंगिक अल्पसंख्यकको हक सुनिश्चितता गर्ने र सामाजिक न्यायको हकबाट समतामूलक र सामाजिक न्यायमा आधारित स्वास्थ्य सेवा सुनिश्चित गरिने छ ।
- बडिमालिका नगरपालिकामा स्वास्थ्य सेवा प्रवाह गर्दा सार्वजनिक निजी साझेदारीको सम्भावना खोजी मार्ग प्रशस्त गरिने छ र लगानीको हकमा सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रको सहभागीताको सम्भावना खोजीने छ ।
- बडिमालिका नगरपालिकामा रहेका मौलिक र परम्परागत रुपमा प्रयोग भएका वैकल्पिक चिकित्सा पद्धतीको संरक्षण, प्रवर्धन तथा अनुसन्धान गरी नियम गर्ने तथा आर्युवेद, योग तथा वैकल्पिक उपचार पद्धतिलाई संरक्षण र प्रबर्द्धन गरी स्वास्थ्य क्षेत्रको प्रभावकारीता बढाइने छ ।
- बडिमालिका नगरपालिकाको स्वास्थ्य सेवामा समानता, सर्वसुलभता, प्रभावकारीता र जवाफदेहिता, नागरिकको सहभागितालाई अभिबृद्धि गरिने छ ।
- स्वास्थ्य क्षेत्रमा आधुनीक सूचना प्रविधि, विद्युतीय उपकरण तथा आधुनिक सूचना प्रणालीको प्रयोगले स्वास्थ्य प्रणाली सुदृढिकरण गरिनेछ ।
- नगरबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा सुलभ र सहजरुपमा प्रवाह गर्न बहुक्षेत्रीय तहमा समन्वय र तीनै तहका सरकारहरुसँग सहकार्य गरिने छ ।

**५.२ भावी सोच, परिकल्पनाः**

बडिमालिका नगरपालिकाका सबै नागरिकहरु लाई सबल प्रणाली मार्फत स्वस्थ्य रही सुखी, खुशी, उत्पादनशील तथा गुणस्तरीय जिवन यापन गर्न सक्षम हुनेछन् ।

**५.३ ध्येयः**

उपलब्ध साधनश्रोतको अधिकतम प्रयोग गरी सरोकारवाला सम्बन्धित संघीय सरकार, प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

**५.४ लक्ष्यः**

नगरबासीको गुणस्तरीय स्वास्थ्य सेवाकम पहुँच बृद्धि गर्ने तथा समतामुलक, न्यायसंगत तथा जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट नगरपालिकाका सवै नागरिकहरुलाइ सम्मानजनक स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरी उपभोगमा बृद्धि गर्ने ।

**५.५ उद्देश्यहरुः**

(क) नगरपालिकाका नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि मौलिक अधिकारको रुपमा आधारभुत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने ।

(ख) नगरपालिकाका मातहतका सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक भौतिक संरचना, औषधी, औजार उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने ।

(ग) स्वास्थ्य सेवालाई प्रभावकारी र मैत्रीपूर्ण बनाई जनसहभागीता प्रबर्द्धन गर्ने । सेवाग्राहीलाई सम्मानजनक सेवाको सुनिश्चित गराउने ,

(घ) स्वास्थ्य सेवा प्रवाहमा सरकारी, गैरसरकारी, नीजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।

(ङ) आर्युवेद तथा वैकल्पिक स्वास्थ्य प्रणालीहरुको सन्तुलित विकास एवम् विस्तार गर्ने ।

**६. नीतिहरुः**

नगरपालिकाको विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्बोधन गर्दै यस नगरपालिकाका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न निम्न बमोजिमका नीतिहरु अवलम्बन गरेको छ ।

६.१. नगरपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।

६.२. नगरपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।

६.३. व्यक्ति, परिवार र समाजलाई परिचालन गरी स्वस्थ जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको रोकथाम र उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखि नै व्यवस्थापन गरिनेछ ।

६.४. नगरपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ

६.५. मातृ, नवजात, शिशु र बालस्वास्थ्यमा उल्लेख्य सुधार गरि मृत्यु घटाउन सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, क्षयरोग, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक र उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याइने छ ।

६.६. नगरपालिका भित्र स्वास्थ्यको लागि आवश्यक जनशक्तिको व्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइनेछ ।

६.७. नगरपालिका भित्र उपलब्ध जडिबुटीको सदुपयोग गर्दै जडिबुटि सदुपयोग गर्दै आर्युवेद लगायत अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवसथित गरिने छ ।

६.८. गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधरणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।

६.९. स्वास्थ्य अनुसन्धान, सूचना प्रणाली र सुक्ष्म योजननलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई नगरपालिकाको योजना, नीति, रणनीति बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।

६.१०. नगरबासीको स्वास्थ्य बीमा सुनिश्चित गरी लक्षित बर्ग (ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, घाईते तथा लैगिक अल्पसंख्यक) को स्वास्थ्य सेवामा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ ।

६.११. सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तर सुचिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।

६.१२. सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी, विपद वा प्राकृतिक प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण, प्रतिकार्य एवम् पुर्नस्थापनाको लागि सबै तहसँगको समन्वयमा बहुपक्षीय सहकार्य गरिनेछ गरिने छ ।

६.१३. स्वास्थ्य क्षेत्रमा नगरपालिकाको लगानी अभिबृद्धि गर्दै संघीय सरकार, प्रदेश सरकार, निजी तथा गैर सरकारी क्षेत्र लगायत अन्य लगानीलाई ब्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।

६.१४.जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको बिकास तथा बिस्तार गरिने छ ।

६.१५ स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र जनताको स्वास्थ्य सूचनाको हक सुरक्षित गर्दै स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।

६.१६ नगरपालिका बासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक, पौष्टिक र स्थानीय स्तरमा उत्पादन हुने (रैथाने) खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिनेछ ।

६.१७ जनसंख्या ब्यवस्थापनलाई नगरपालिका बिकासको मुल खम्बाको रुपमा संस्थागत गर्ने ।

६.१८ यस नगरपालिका भित्र हुने अबैध कृयाकलायहरु जस्तैः कम उमेरका हुने बिवाह र गर्भवती, लैङ्गिक हिंसा, मादक पदार्थ र लागु औषध सेवन, हानिकारक प्रचलन, बिभेदपूर्ण लिंग छनौट आदी ईत्यादीको कार्यहरुलाई निरुत्साहित तथा कानुनी दायरामा ल्याईने छ ।

६.१९ बिबिध...

**७. नीतिअन्तर्गतका रणनीतिः**

**नीति १. नगरपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।**

- नगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईने छ ।
- भुगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ । नगरपालिकाका प्रत्येक वडाहरुमा कम्तीमा एक स्वास्थ्य संस्था सञ्चालन गरिनेछ ।

- नगरपालिका र स्थानीय तहको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्ययोजना बनाई लागू गरिनेछ ।
- नगरपालिका र स्थानीय तहको सहकार्यमा स्वास्थ्य बिमा कार्यक्रम एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिनेछ ।
- नगरपालिकाको स्वास्थ्य सेवालाई नेपालको संबिधान, २०७२ प्रदत्त स्वास्थ्य सम्बन्धि मौलिक हक, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रदत्त एकल र साझा अधिकारलाई संस्थागत गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को व्यवस्था अनुरुप गठीत समिति सक्रिय रहने छ ।
- नगरपालिका भित्र बसोबास गर्ने नागरिकहरुका लागी नगरपालिका स्तरीय “बिपन्न नागरिक उपचार सहायता कोष”को स्थापना तथा संचालन गरिनेछ । उक्त कोष नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले प्रमाणित गरी समाजिक बिकास समितिलाई सिफारिस गर्नेछ र समाजिक बिकास समितीले प्रमाणीत गरी कार्यपालीकामा सिफारिस गर्नेछ । कार्यपालीकाले निर्णय गरेर बिपन्न नागरीक उपचार सहायता कोषको रकम निम्न आय भएका, गरिब, आफै उपचार गर्न नसक्ने, सुत्केरी, बृद्ध, दीर्घ रोग तथा आपतकालीन रोग लागेका बिरामीहरुको हितको लागी खर्च गर्नेछ । सो कोष मार्फत दिईने भुक्तानी सरकारी अस्पतालमा कार्यरत नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका डाक्टरहरुले दिईएको सिफारिस पत्रको आधारमा मात्र हुनेछ, निजी क्षेत्रले दिईएको सिफारिस पत्रको आधारमा हुने छैन ।

**नीति २. नगरपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।**

- संघीय र प्रदेश सरकारसंग समन्वय गरी जिल्ला अस्पतालबाट टाढा रहेका बस्तीलाई समेट्ने गरी नगरपालिकामा १० शैयाको नगर अस्पताल स्थापना गरिनेछ ।
- नगरपालिका भित्रका साबिकका अस्पतालहरु स्तरोन्नती गरी विशेषज्ञ सेवा विस्तार गरी निदान तथा उपचार पद्धती सुदृढ गरिने छ ।
- नगरपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि आधारभूत स्वास्थ्य सेवा केन्द्र, सहरी स्वास्थ्य सेवा केन्द्र,, बर्थिङ सेन्टर तथा रोमिङ अ.न.मी. बिद्यालय नर्स कार्यक्रम मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।
- नगरपालिकाका बयो बृद्धहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न ज्येष्ठ नागरिक घरभेट कार्यक्र सञ्चालन गरिनेछ । विद्यालयहरुमा बालबालिका लाई नियमित स्वास्थ्य जाँचको सेवा प्रदान पनि गरिने छ साथै टोल बस्तीमा घुम्ती स्वास्थ्य सेवा प्रदान गरिने छ । यी सेवाहरु प्रदा गर्न टेलिमेडिसिन जस्ता नयाँ प्रविधिको सदुपयोग गरिने छ ।
- नाक, कान, घाटी, दन्त, मानसिक र आँखा चिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ । नगरपालिकाका दुर्गम ग्रामीण भेगमा समय समयमा विशेषज्ञ स्वास्थ्य शिविरहरु नियमित रुपमा संचालन गरिने छ ।

**नीति ३. जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई प्राथमिक स्वास्थ्य सेवा देखिनै व्यवस्थापन गरिनेछ ।**

- लागु पदार्थ, सुर्तिजन्य पदार्थ, मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरुको उत्पादन तथा उपभोगलाई निरुत्साहीत गरिने छ र सोको निति र निर्देशिका बनाई कार्यान्वयन गरिने छ ।
- लागुऔषध, सुर्तिजन्य पदार्थ, मादक पदार्थ जस्ता हानीकारक वस्तु किनवेच र प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ । यस्ता वस्तुको उत्पादन, बिक्रि वितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने सम्बन्धी कानून बनाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।
- तोकिए बमोजिमका अवस्थाहरुको (Uterine Prolapsis, Obstetrics Fistula, RFT, VIA, Diabetes, HTN, PAP smear, Mammography) आदी समयमा नै पहिचान गर्न नियमित तथा बिशेष शिबिरहरु मार्फत आबश्यक स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु उपलब्ध गराईनेछ ।
- बढ्दो नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने व्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर (Mental Health Clinic) संचालन गरिनेछ ।
- Package of Essential Non-Communicable (PEN) Package लाई पनि, न्युनतम सबै स्थानीय तहमा लागू गरिने छ ।

- उच्च रक्तचाप, मधुमेह, मिगौला रोग, मुटुरोग अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान संचालन गरिने छ ।
- स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्वधनका कृयाकलापहरू स्थानीय निकायसंग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरी संचालन गरिने छ ।
- खोपबाट बचाउन सकिने रोगहरुको नियन्त्रण, निवारण र उन्मूलनका, लागि निगरानी कार्य गरिनेछ, नगरपालिकालाई सधै पूर्णखोप सुनिश्चित नगरपालिकाको सुचिमा राखिनेछ ।

**नीति ४. नगरपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।**

- नगरपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित), इन्टरनेट सेवा, मापदण्ड अनुसार फोहोरमैला बिसर्जन सेवाको व्यवस्था गरिने छ ।
- आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन आधारभूत स्वास्थ्य सेवा केन्द्र,, शहरी स्वास्थ्य केन्द्रहरु स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरुमा सेवाको बिस्तार गर्ने व्यवस्था मिलाईने छ । साथै प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार क्रमागत रुपमा व्यवस्था गदै लगिने छ ।
- नगरपालिकामा मेडिकल स्टोर, कोल्डचेन रुम, बायोमेडिकल इन्जिनियरीङ प्रयोगशाला, क्षयरोग MDR होस्टेल लाई क्रमशः स्थापना गरि व्यवस्थित रुपमा संचालन गरिनेछ ।
- प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुना गाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, नमुना स्वास्थ्यकर्मी अभियान सुरु गरि क्रमागत रुपमा बिस्तार गरिने छ ।
- नयाँ संरचना अनुरूपको आपूर्ति व्यवस्थापन प्रणाली विकास गरि विशेष गरि निःशुल्क औषधी, खोप तथा खोप जन्य सामाग्री, परिवार नियोजनका साधनहरू, रेबिज भ्याक्सिन, सर्प दंश एन्टी भेनम, एच.आइ.भी, क्षय कुष्ठ आदि रोगहरूको औषधीको प्रभावकारी आपूर्ति व्यवस्थापन गरिनेछ ।
- नगरपालिकामा आयूर्वेद बैकल्पिक चिकित्सा पद्धतीको विधिलाई क्रमशः एकद्वार प्रणाली मार्फत सेवा प्रवाह गर्ने रणनीति अवलम्बन गरिनेछ ।

**नीति ५. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोर किशोरी स्वास्थ्य लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याउने रणनीति अबलम्बन गरिने छ ।**

- राष्ट्रिय तथा प्रादेशिक लक्ष अनुसार नगरपालिकाका हरेक वडाहरुमा हाल संचालित सुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषण संग सम्बन्धीत कार्यक्रमलाई वडासंग समन्वय गरी प्रभाबकारी रुपले संचालन गर्ने व्यबस्था मिलाइने छ ।
- स्वस्थ बिद्यालय, स्वच्छ बाताबरण, बिद्यालय पोषण (दिवा खाजा), जुकाको औषधी, आइरन फोलिक एसिड, स्क्रिनिङ तथा स्वास्थ्य परीक्षण सेवा, किशोर किशोरी सेवा जस्ता बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि बिद्यालय नर्स कार्यक्रम लागू गरिनेछ ।
- मातृमृत्यु दर, नवजात शिशु मृत्युदर र बालमृत्युदर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुमा आधारित लक्षहरु तय गरि आवधिक कार्ययोजनाहरु तयार गरि लागू गरिनेछ ।
- सहरी स्वास्थ्य सेवा केन्द्र तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुबाट प्रवाह हुने सेवालाई बृद्धि गरी सरसफाई प्रबर्द्धन, स्वस्थ व्यवहार प्रबर्द्धन तथा स्वास्थ्य प्रदर्शनीको रुपमा बिस्तार गरिनेछ ।
- बर्थिङ सेन्टरहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत तथा भौतिक साधन श्रोत सम्पन्न गराइनेछ । प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात कर्नर (Stablization center, Specialsized Newborn Care Unit/Newborn Intensive Care Unit) को सुबिधा उपलब्ध गराइनेछ ।
- नवजातशिशु तथा बाल रोगको एकिकृत व्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वियन गरिनेछ ।
- नगरपालिकाको आपतकालिन स्वास्थ्य पूर्व तयारी योजनामा मातृ, नवजात शिशु र बालबालिकाको स्वास्थ्य सेवाको निरन्तरतालाई प्राथमिक अवयबको रुपमा लिइनेछ ।
- नगरपालिकामा बसोबास गर्ने विशेष गरी धामीझाँक्रिहरु र अन्य परम्परागत सेवा प्रदायकहरुलाई आधारभुत स्वास्थ्य सेवाको तालिम दिने र तिनिहरुको सेवाग्राहीलाई स्वास्थ्य संस्था सम्म प्रेषण गर्ने व्यवस्था गरिनेछ ।

**नीति ६. नगरपालिका भित्र स्वास्थ्यको लागि आवश्यक जनशक्तिको व्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइनेछ ।**

- विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार हुने गरी यस नगरपालिका स्तरीय आवधिक स्वास्थ्य जनशक्ति गुरुयोजना निर्माण गरि लागू गरिनेछ र संस्थाहरुमा भएको जनशक्तिको व्यवस्थापनलाई पुनरावलोकन गरि आवश्यकता अनुसार कर्मचारीको यसै नगरपालिका भित्र सरुवा, काज वा करार सेवा व्यवस्थापन गरिने छ ।
- बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ती व्यवस्थापनका लागि संघिय, प्रदेश सरकार एवं शिक्षालयसंग समन्वय र सहकार्य गरिने छ । आवश्यकता अनुसार करार, स्वेक्षिक स्वंमसेवक वा स्वंमसेविकाहरु, ओ.जे.टी. हरुलाई पनि व्यवस्थापन गरिने छ ।
- जवाफदेहीपूर्ण एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न मिश्रित दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा यस नगरपालिकाको विशिष्ट अवस्थामा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीलाई टिकाउनका लागि बिभिन्न कार्यक्रम गरि प्रोत्साहित गरिनेछ र कार्यसम्पादन मुल्याङनको आधारमा सुधार गर्ने, नसिहत दिने र दण्डित समेत  गरिने छ ।
- नगरपालिकाको स्वास्थ्य शाखाले नगर भित्र कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरुको व्यक्तिगत बिवरण फाईल र कार्यसम्पादन मुल्याङ्कन फारम अद्यावधि गरी, सोको आधारमा प्रत्येक बर्ष स्वास्थ्य संयोजकको संयोजकत्वमा समिति गठन गरी प्रत्येक बर्ष निश्चित सुचाङ्कको निर्माण गरी सोहीको आधारमा र कार्यसम्पादन मुल्याङ्कन को आधारमा प्रथम र उत्कृष्ठ स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरुलाई पुरस्कृत गरिने छ भने सोही आधारमास्वास्थ्यकर्मीहरुलाई आवश्यकता अनुसार नसिहत दिने, दण्डीत वा काम गर्न प्रोत्साहित गरिनेछ ।
- नगरपालिका भित्र कार्यरत स्वास्थ्यकर्मीको समुचित व्यवस्थापनको लागि बृत्ति बिकास प्रणालीद्धारा व्यवस्थित गरिनेछ ।
- स्वास्थ्यकर्मीको सेवाको निरन्तरताको लागि सेवा करार, पुल दरबन्दि जस्ता उपायहरुको अवलम्बन गरिनेछ ।
- नगरपालिका भित्र कार्यरत सम्पूर्ण तह (स्थाई र अस्थाई) अनुसारको स्वास्थ्यकर्मीहरुको कार्यविवरण बनाई लागु गरिनेछ ।
- नगरपालिका भित्र कार्यरत सम्पूर्ण कर्मचारीहरुले प्रत्येक महिना मासिक कार्ययोजना बनाई सम्बन्धित स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको मासिक बैठकबाट प्रमाणित गरी सोहि अनुसार मासिक कार्य गर्नेछन् र मासिक कार्य रिपोर्ट पनि सोहि प्रकृयाबाट प्रमाणित गरी नगरपालिकाको स्वास्थ्य शाखामा पेश गरे पश्चात मात्र नगरपालिकाको स्वास्थ्य शाखाले तलब भुक्तानीको प्रकृया अगाडी बढाउनेछ ।

**नीति ७. नगरपालिका भित्र उपलब्ध जडिबुटीको सदुपयोग गर्दै जडिबुटि सदुपयोग गर्दै आर्युवेद लगायत अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई  व्यवसथित गरिने छ ।**

- विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार हुने गरी यस नगरपालिका स्तरीय आवधिक स्वास्थ्य जनशक्ति गुरुयोजना निर्माण गरि लागू गरिनेछ र संस्थाहरुमा भएको जनशक्तिको व्यवस्थापनलाई पुनरावलोकन गरि आवश्यकता अनुसार कर्मचारीको यसै नगरपालिका भित्र सरुवा, काज वा व्यवस्थापन गरिने छ ।
- बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ति व्यवस्थापनका लागि संघिय, प्रदेश सरकार एवं शिक्षालयसंग समन्वय र सहकार्य गरिने छ । आवश्यकता अनुसार करार, स्वेक्षिक स्वंमसेवक वा स्वयम सेविका, ओ.जे.टी. हरुलाई पनि व्यवस्थापन गरिने छ ।
- जवाफदेहिपूर्ण एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न मिश्रित दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा यस नगरपालिकाको विशिष्ट अवस्थामा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीलाई टिकाउनका लागि बिभिन्न कार्यक्रम गरि प्रोत्साहित गरिनेछ र कार्यसम्पादन मुल्याङ्कनको आधारमा सुधार गर्ने, नसिहत दिने र दण्डित समेत  गरिने छ ।
- नगरपालिकाको स्वास्थ्य शाखाले नगर भित्र कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरुको व्यक्तिगत बिवरण फाईल र कार्यसम्पादन मुल्याङ्कन फारम अपडेट राखि, सोको आधारमा प्रत्येक बर्ष स्वास्थ्य संयोजकको संयोजकत्वमा समिति गठन गरी प्रत्येक बर्ष निश्चित सुचाङ्कको निर्माण गरी सोहीको आधारमा र कार्यसम्पादन मुल्याङ्कन को आधारमा उत्कृष्ठ स्वास्थ्यकर्मीहरुलाई पुरस्कृत गरिने छ ।
- नगरपालिका भित्र कार्यरत स्वास्थ्यकर्मीको समुचित व्यवस्थापनको लागि बृत्ति बिकास प्रणालीद्धारा व्यवस्थित गरिनेछ ।
- स्वास्थ्यकर्मीको सेवाको निरन्तरताको लागि सेवा करार, पुल दरबन्दि जस्ता उपायहरुको अवलम्बन गरिनेछ ।
- नगरपालिका भित्र कार्यरत सम्पूर्ण तह (स्थाई र अस्थाई) अनुसारको स्वास्थ्यकर्मीहरुको कार्यविवरण बनाई लागु गरिनेछ ।
- नगरपालिका भित्र कार्यरत सम्पूर्ण कर्मचारीहरुले प्रत्येक महिना मासिक कार्ययोजना बनाई सम्बन्धित स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको मासिक बैठकबाट प्रमाणित गरी सोहि अनुसार मासिक कार्य गर्नेछन् र मासिक कार्यको प्रतिवेदन पनि सोहि प्रकृयाबाट प्रमाणित गरी नगरपालिकाको स्वास्थ्य शाखामा पेश गरे पश्चात मात्र नगरपालिकाको स्वास्थ्य शाखाले तलब भुक्तानीको प्रकृया अगाडी बढाउनेछ ।

**नीति ८. गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधरणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।**

- नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय औषधी वितरण हुने व्यवस्था मिलाइनेछ । औषधिको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मुल्य तोक्नुका साथै नियमित अनुगमन र नियमन गरिनेछ । यस कार्य गर्नका लागी नगरपालिकाले प्राबिधिक, कानुनका जानकार, आवश्यकता अनुसारको समिती गठन गरी जिम्मेबारी दिने व्यवस्था मिलाउने छ ।
- स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि उपकरणको सुची तयार गरि औषधि उपकरण खरिद गर्दा नगरपालिका, स्वास्थ्य संस्था वा वडाले खरिद गर्ने औषधिको छुट्टा छुट्टै सुची तयार गरी व्यवहारमा ल्याइनेछ । औषधी खरिद गर्दा नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले स्थानीय स्वास्थ्य संस्थाबाट माग गरिए बमोजिम र बैज्ञानिक पद्धतीलाई आधार बनाएर सामाजिक बिकास समितिमा सिफारिस गर्नेछ र सोहि सिफारिसको आधारमा कार्यपालिकाले निर्णय गरि नगरपालिका स्तरीय “औषधि तथा उपकरण समिती” गठन गरी औषधि तथा उपकरणहरु खरिद गर्नेछ ।
- दुर्गम क्षेत्रमा सुलभ औषधी पसल बिस्तार गर्न निश्चित कार्यबिधि बनाई प्रोत्साहिन गरिनेछ र स्वास्थ्य संस्थाहरुमा अस्पतालको फार्मेसी थप व्यवस्थित गरी नसर्ने रोगको औषधीहरुलाई थप गरिदै लगिने छ ।
- प्रतिकारात्मक संभार, बिक्रि उपरान्त संभार आदी सिद्धान्तलाई व्यवहारिक रुपमा लागु गरिनेछ । उपकरणहरुको मर्मत तथा सम्भारका लागि प्रादेशिक, संध, दात्तृ निकाय र प्राईभेट निकायसँग समन्वय गरिनेछ र नयाँ प्रबिधि तथा उपकरणहरुको खरिद, प्रयोग तथा आत्मसाथ गर्दै प्रबिधिमैत्री नगरपालिका घोषणा गरिनेछ । नगरपालिकालाई प्रबिधिमैत्री बनाउन भएका जनशक्तिहरुलाई तालिमको व्यवस्था र अन्य आवश्यक जनशक्तिहरुलाई करार वा लोकसेवा मार्फत पदपूर्ति गरिनेछ ।
- प्रशुति सेवाका लागी चाहिने अति आवश्यक औषधिहरु (Oxytocin, Gentamicine, Magnesium Sulphate, Amoxicilline, Nefidepine, Calcium Gulcanate, Hydrocotizone, Metharzine, Egrometrine) र अति आवश्यक उपकरणहरु (Standard Delivery Set, Newborn Resucitation Corner, Heater, Baby Warmer, Blankets, IP Materials, न्यानो झोला सेट, Perilight, Epi-set, Suturing Set, Condom tamponed set, नाभि मल्हम) को शुन्य मौज्दात कहिले हुन दिईने छैन ।
- नेपाल सरकारबाट प्राप्त नि:शुल्क औषधिहरु र अत्यावश्यक आधारभुत औषधीहरु (पुर्नजलिय झोल, कोट्रिम, आईरन र भिटामिन ए) र अत्यावश्यक आधारभुत परिवार नियोजनका सामाग्रीहरु (कण्डम, पिल्स, डिपो, इम्प्लान्ट र आइ यू सी डि ) को शुन्य मौज्दात कहिले शून्य हुन दिईने छैन ।

**नीति ९. स्वास्थ्य अनुसन्धान, सूचना प्रणाली र सुक्ष्म योजननलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई नगरपालिकाको योजना, नीति, रणनीति बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।**

- आवधिक रुपमा यस नगरपालिका भित्रका स्वास्थ्य सम्बन्धि सूचना व्यवस्थित गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी वा अनुसन्धानकर्तालाई कार्यक्रमको आयोजना गरि प्रोत्साहित एवं प्रवर्धन गर्न उत्कृष्ट अनुसन्धानकर्ता, एवम् संस्थालाई सम्मान तथा पुरस्कृत गरिनेछ ।
- नगरपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा पृष्ठपोषण तथा राष्ट्रिय प्रतिबद्धतालाई नगरपालिकाको स्वास्थ्य योजनामा समावेश गरी प्राथमिकताका साथ कार्यान्वियन गरिनेछ ।
- नगरपालिकाको एकीकृत स्वास्थ्य सुचना प्रणालीमा सूचनाको शुद्धता, समय बद्धता र पूर्णतामा निगरानी गरि गुणस्तरीय बनाइनेछ । स्वास्थ्यका सुचनाहरुलाई आधार बनाएर प्रत्येक बर्ष नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले तयार गरिएको “नगरपालिका स्तरीय स्वास्थ्यको प्रोफाईल” अद्यावधि गरी सो आधारमा नगरपालिकाको स्वास्थ्य तथ्यमा आधारित योजना तर्जुमाको प्रणाली स्थापित गरिनेछ ।
- नगरपालिकाका स्वास्थ्य संस्थाहरुमा इन्टरनेटको पहुँच बिस्तार गरि स्वास्थ्य संस्थाहरुबाट नै Online reporting लाई बिस्तार विकास तथा नियमित गरिनेछ ।
- नगरपालिकाको स्वास्थ्य शाखा र सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट एकै सफ्टवेयरको माध्यमबाट बिरामी जाँच्ने, रिर्पोट गर्ने र सम्पूर्ण औषधी उपकरणहरु माग गर्ने आदी व्यवस्था मिलाईनेछ र आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन गरिनेछ ।
- नगरपालिकाका नागरिकको स्वास्थ्य सम्बन्धि सम्पूर्ण व्यक्तिगत विद्युतीय विवरण (Digital Personal Health Records) तयार गरिने छ ।

**नीति १०. नगरपालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग (अति बिपन्न, ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, घाईते) को स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिने छ ।**

- स्वास्थ्य सेवामा दलित, हलिया, खलिया, जनजाति, पिछडा तथा आर्थिक रुपले विपन्न लैङ्गिक अल्पसंख्यक वर्ग तथा समुदायलाई स्वास्थ्य विमा कार्यक्रममा आबद्ध गराई नगरपालिकामा शत प्रतिशत जनतालाई स्वाथ्य विमा कार्यक्रममा सहभागी गराइनेछ ।
- नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरु र भौतिक पूर्वाधारहरु बालमैत्री, अपांगमैत्री, ज्येष्ठ नागरिकमैत्री, किशोरकिशोरी मैत्री हुनेछन् ।
- समुदायस्तरमा जेष्ठ नागरिक नमूना दिवा सेवा केन्द्र स्थापना एवं विस्तार गरिने छ । जेष्ठ नागरिक, अति अपाङ्ग, अति असक्त, गर्भ जाँच (प्रोटोकल अनुसार तेस्रो र चौथो) र सुत्केरी जाँच (प्रोटोकल अनुसार दोस्रो र तेस्रो) सेवा र परामर्श स्वास्थ्यकर्मीहरुले घरमै गएर दिने व्यवस्था गरिनेछ ।
- छाउपडी, कम उमेरमा बिवाह गर्ने र कम उमेरमै गर्भवती हुने कारणले महिलाको स्वास्थ्यमा प्रतिकुल असर गर्ने हुनाले सचेतना अभिबृद्धि गर्ने तथा महिनावारी भएको बेला छात्राहरुको बिद्यालय उपस्थितिमा निरन्तरता दिन बिद्यालयबाट नै निःशुल्क स्यानेटरी प्याड उपलब्ध गराइनेछ ।
- अपांङ्ग तथा असक्तहरुको लागी आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी सामाग्री व्यवस्था गरिने छ साथै स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा अपांङ्गमैत्री हुनेछन् । जिल्ला अस्पतालको समन्वयमा नगरवासीका निमित्त प्रशामक ( प्यालियटिभ) स्वास्थ्य सेवाको पनि क्रमशः शुरुवात तथा बिस्तार गरिनेछ ।
- प्रेषण प्रणाली प्रभावकारी गरिने छ र सहजीकरण गरिने छ । दुर्गम क्षेत्रबाट उपचारका लागि अन्यत्र प्रेषण भएका विरामीहरुको आवश्यकता अनुसार जिल्लाका सरकारी निकायहरुसंग सहजिकरण गरि प्रेषणको व्यवस्था गरिनेछ ।
- लैंगिक हिंसामा परेका, बेवारिसे, जेष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाई अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि निजी, सरकारी र गैर सरकारी सहकार्यमा नगरपालिका स्तरीय पुर्नस्थापना केन्द्र स्थापना एवं संचालन गरिने छ । साथै एकद्वार संकट व्यवस्थापन केन्द्रको सुदृढीकरण एवं विस्तार गरिने छ ।
- प्रेषण भइ आउने जिल्ला तथा नगर अस्पतालहरुमा सामाजिक सेवा इकाई स्थापना गरी प्रभावकारी व्यवस्थापन गरिनेछ ।

**नीति ११. सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।**

- निजी उपचार प्रदान गर्ने संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य बैकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवा प्रदायक संस्थाहरुको लागी मापदण्ड, निर्देशिका बनाई सोही अनुसार दर्ता गर्ने, संचालन अनुमति दिने तथा नियमन गर्ने व्यवस्था मिलाईने छ ।
- एक जना जनस्वास्थ्य निरिक्षकको व्यवस्था गरी वातावरणीय सरसफाइ, सुर्ति जन्य तथा मदिरा नियन्त्रण, खाद्य स्वच्छता, औषधीको समुचित प्रयोग, समुचित उपचारको नियमन गर्ने र मापदण्ड नपुगेकालाई कार्बाही गर्ने व्यवस्था गरिने छ ।
- नगरपालिका भरिका सम्पुर्ण स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गर्न निर्देशिका बनाइ सोही अनुसार लागू गरिनेछ ।
- नगरपालिकामा प्राज्ञिक, पेशागत तथा व्यवसायिक संघ संस्थाहरु संचालन सम्वन्धी बनेका ऐन, निति, नियम, नगरपालिका, प्रादेशिक तथा राष्ट्रिय नियम र मापदण्ड अनुसार दर्ता, नवीकरण, संचालन, अनुगमन र नियमन गरिनेछ ।
- सबै तहका स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड तयार गरी लागु गरिनेछ ।

**नीति १२. सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावबारी रुपमा परिचालन गरिने छ ।**

- संघिय सरकारले तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरुबाट नियमित प्रवाह हुने व्यवस्था मिलाइनेछ । नगरपालिकाले तोकेको स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरहरुबाट २४ घण्टा आकस्मिक स्वास्थ्य सेवा प्रवाह हुनेछ ।
- नगरपालिका भित्र सरकारी, निजी, सामुदायीक रुपमा संचालन हुने एम्बुलेन्स एवं सब बाहन सेवालाई संघिय कार्यविधि, निर्देशिका एवं मापदण्ड अनुसार व्यवस्थित तरिकाले संञ्चालन गर्ने व्यवस्था मिलाईने छ । यसको उपलब्धता बढाउदै लगिनुका साथै शुल्क निर्धारण, संञ्चालन तथा व्यवस्थापन नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले नियमन गर्नेछ ।
- नगरपालिकाको आपतकालीन स्वास्थ्य पूर्वतयारी योजना बनाईनेछ र नगरपालिका भित्रका रणनितिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामाग्रीलाई जगेडा ( Buffer Stock) को रूपमा राखिनेछ ।

- प्राकृतिक प्रकोप, महामारी र दुर्घटना जस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन गर्न तत्काल नगरपालिका स्तरीय प्राकृतिक प्रकोप तथा महामारी नियन्त्रण समिति तथा आर.आर.टि. गठन गरि उक्त समिती मार्फत आवश्यक कार्य गराईनेछ । आकस्मिक स्वास्थ्य परिचालन केन्द्र (HEOC) / Early Warning Reporting System (EWARS) लाई पनि प्रभावकारी बनाईने छ ।
- दुर्गम क्षेत्रबाट आकस्मिक स्वास्थ्य अवस्था परि संकटमा रहेका (सुत्केरी बेथा, चोटपटक) को अवस्थामा हवाई माध्यमबाट उद्धार गर्न प्रदेश सरकार र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरि आवश्यक कार्य गरिनेछ ।
- संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न हाल संञ्चालित क्षयरोग, कुष्ठरोग, एचआइभी एड्स, किटजन्यरोग, सिकल सेल एनिमिया सम्बन्धी कार्यक्रम कार्यान्वनयनको लागी स्थानीय निकायको समन्वयमा अनुगमन गरी सोको प्रभावकारी रुपमा संचालन गरिने छ र आवश्यकता अनुसार परिमार्जित गरिने छ ।
- संघीय तथा प्रदेश स्तरीय फोहोरको ब्यवस्थापन तथा बिसर्जन सम्बन्धि मापदण्डलाई नगरपालिका स्तरमा र स्थानीय स्तरका स्वास्थ्य संस्थाहरुमा प्रभावकारी रुपमा लागू गरिनेछ ।

**नीति १३. स्वास्थ्य क्षेत्रमा यस नगरपालिकाले लगानी अभिबृद्धि गर्दै संघीय सरकार प्रदेश सरकार, निजी तथा दात्तृ निकाय लगायत अन्य लगानीलाई ब्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।**

- औषधीको समूचित व्यवस्थापन र वितरणका लागि नगरपालिका स्तरीय औषधी भण्डारण (Medical Store) को व्यवस्था गरिनेछ । सो औषधी भण्डारण नगरपालिकाको स्वास्थ्य शाखा र नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीको मातहतमा रहने छ ।
- राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमलाई नगरपालिका भरि प्रवर्धन एवं विस्तार गरिने छ र सो कार्यक्रमको निगरानी नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गरी सामाजिक बिकास शाखामा रिपोर्टिङ गर्नेछ ।
- नगरपालिकाको कुल बजेट (श्रोत बाँडफाँड) को कम्तिमा २० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि सुनिश्चित गर्ने साथै सो बजेट क्रमश बृद्धि गर्दै लगिनेछ । उक्त छुट्टाईएको रकमबाट स्वास्थ्यको प्रवर्धनात्मक, स्वास्थ्य शिक्षा, सुचना तथा संचारको क्षेत्रहरुमा ६० प्रतिशत खर्च गर्नैपर्ने गरी अघि बढिनेछ ।
- अति गरिव, असहाय, द्वन्द पीडित, लोपोन्मुख जातीलाई नगरपालिकाले परिचयपत्र प्रदान गरी सम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क गर्नेछ । उल्लेखित लक्षित समुदायलाई बिशेष स्वास्थ्य कार्यक्रम गरी पहुँच बृद्धि गरिनेछ । साथै त्यस्ता समुदायलाई स्वास्थ्य बीमामा समावेश गर्न नगरपालिकाको सहुलियतमा स्थानीय तहसँग समन्वय गरी कार्यान्वियन गरिनेछ ।
- नगरपालिका भित्र संचालन हुने र भईरहेको गैर सरकारी तथा निजि क्षेत्र बीचको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन तथा नियमन नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गरी सामाजिक बिकास शाखामा रिपोर्टिङ गर्नेछ ।

**निति १४. जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको बिकास तथा बिस्तार गरिने छ ।**

- नगरपालिका भित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै बिद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ र सो को नियमन नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गरी सामाजिक बिकास शाखामा रिपोर्टिङ गर्नेछ ।
- समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण, निगरानी र नियमन नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गरी सामाजिक बिकास शाखामा रिपोर्टिङ गर्नेछ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन र पैरवी गरिने छ । यसका निगरानी र नियमन स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले गरी नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीमा रिपोर्टिङ गर्नेछ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी दुर्गम बस्तीहरुमा श्वास प्रश्वास रोगको कारक मानिएको घरभित्र हुने धुँवा (Indoor pollution) नियन्त्रण गर्न सफा चुलो अभियान संचालन गरिने छ । यसको सम्पूर्ण कार्य स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी खुला दिशामुक्त नगरपालिकाबाट पूर्ण सफा नगरपालिका बनाईनेछ र सो को दिगोपनाको रणनिती तयार गरि कार्यान्वियन गरिनेछ । यसको सम्पूर्ण कार्य स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।

- नगरपालिका भित्र खानेपानी, हावा, ध्वनीको गुणस्तरको मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- जलवायु परिवर्तन, मौसम परिवर्तन, काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानीबाट वचाउन जिल्ला स्थित सरकारी, गैर सरकारी तथा निजी सबै क्षेत्रहरुसंग समन्वय गरी स्वास्थ्य सचेतना सम्बन्धी कार्यक्रम संचालन गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- बार्षिक रुपमा यस नगरपालिका भित्रका क्षेत्रहरुमा जिल्ला स्थित सरकारी, गैर सरकारी तथा निजी सबै क्षेत्रहरुसंग समन्वय गरी बृक्षारोपण कार्यक्रम संचालन गरिनेछ । यसको सम्पूर्ण कार्य नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।

**निति १५. स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।**

- स्वास्थ्य सेवा प्रदायक व्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित संघिय कानुनी ब्यवस्थालाई नगरपालिका भरी प्रभावकारी रुपमा लागू गरिनेछ ।
- स्वास्थ्य सेवामा, स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहिन कार्यलाई निरुत्साहित र आवश्यक परेमा दण्डित गर्ने र कालोसूचीकरण गरिने छ । स्वास्थ्यकर्मिलाई आफ्नो काम, कतव्य प्रति जवाफदेही बनाईने छ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- स्वास्थ्य सुशासन कायम गर्नको लागी सबै स्वास्थ्य संस्थाहरुले सामाजिक परिक्षण, लेखा परिक्षण, नागरिक बडापत्र, स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिती, गुणस्तर सुधार टोली, सेवाग्राही संन्तुष्टि फारम भर्न बिज्ञहरु सहितका जिम्मेवार समितिहरुको ब्यबस्था गरिनेछ । स्वास्थ्य सेवा र व्यवस्थापन सम्बन्धी सुझाव र गुनासो सुनुवाईको लागी पनि आवश्यक संयन्त्रको प्रयोग गरिने छ । यस किसिमका स्वास्थ्य सुशासन कायम गर्नको लागी गरिने सबै कार्यहरुमा उपलब्ध भएका निति, ऐन, कानुन, निर्देशिका, मापदण्ड सबै स्वास्थ्य संस्थाहरुले पालना गरेर गर्ने व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्यसंग सम्बन्धित राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुलाई  जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि उत्पेरित गरिने छ । प्रत्येक बर्ष यस नगरपालिका भित्र काम गर्ने स्वास्थ्यसंग सम्बन्धीत राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुले अधिल्लो आर्थिक बर्ष भित्र आउने आर्थिक बर्षको पूर्ण योजनाको ( कार्यक्रम र लागत अनुमान) पाठ सहित यस नगरपालिकाको स्वास्थ्य शाखामा पेश गनुपर्नेछ र स्वास्थ्य क्षेत्रमा राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुको र नगरपालिकाको स्वास्थ्य क्षेत्रमा हुने प्रक्षेपित योजना नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले एकिकृत गरि सम्पूर्ण स्वास्थ्य क्षेत्रको समयसिमा सहितको योजना र कार्यक्रमको भित्तेपात्रो ९ऋबभिलमबच या इउभचबतष्यल० निर्माण गर्ने व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्रका समुदायको विशिष्ट संस्कृती संस्कारलाई आत्मसात गर्दै स्वास्थ्य सेवालाई सेवाग्राही मैत्री बनाई स्वास्थ्यको एक मौलिक हक भएको सुनिश्चितता गरिनेछ । यस नगरपालिकाले समुदायको विशिष्ट संस्कृती संस्कारलाई आत्मसात गर्दै स्वास्थ्य सेवा, संस्कार र संस्कृतीको एकृकित रुपबाट स्वास्थ्यलाई प्रबर्धन गरिदै लगिनेछ ।
- नगरपालिका भित्रका नागरिकलाई स्वास्थ्य सम्बन्धि सूचनाको हक तथा सेवाग्राहीले उपचार र सेवा सम्बन्धि जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा संचार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- नगरपालिका भित्रका किशोरीहरुको हुने बालबिवाहलाई निरुत्साहित गर्दै लगिनेछ । यस कार्यका लागी प्रदेश सरकारसँग को सरोकारमा एक बालिका एक बैक खाता संञ्चालन गरिनेछ । "बिहाबारी २० बर्ष पारी" लाई कडाईका साथ लागु गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ । यस कार्यका लागी सम्पूर्ण जनप्रतिनिधि, सम्बन्धित सरोकारबालालाई अग्रसरताका साथ लागी पर्न व्यवस्थापन गरिनेछ ।

**नीति १६. नगरपालिकाबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वस्थ्यबर्द्धक र स्थानीय स्तरमा उत्पादन हुने (रैथाने) पोषिला खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिनेछ ।**

- खाद्य विविधीकरणमा जोड दिदै स्थानीय तहसंग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्ने तथा पसलमा पाइने तैयारी गरेका खाने कुरा (Junk Food) लाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु स्वास्थ्यको बार्षिक योजनामा समावेश गरी नियमित रुपमा संचालन गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- अर्गानीक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारीएको करेसाबारी निर्माण गर्न र खानामा विविधीकरण गरि उपभोग गर्न प्रोत्साहित गरिनेछ । यसको लागी जिल्ला स्थित कृषि कार्यालय, नगरपालिकाको कृषि शाखा र अन्य सरोकारबालाहरुसंग आवश्यक परामर्श, छलफल, पैरवी र संयोजन गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- पोषणयुक्त बाल पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पदार्थ उत्पादनका लागि जिल्ला स्थित कार्यालयहरु, नगरपालिकाका शाखाहरु र अन्य सरोकारबालाहरुसंग आवश्यक परामर्श, छलफल, पैरवी र संयोजन गरि पोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाईनेछ । यसको सम्पूर्ण कार्य नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पर्दाथ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्य पदार्थ प्रसोधन तथा बजारीकरणका लागी साना किसान/व्यवसायी अनुदान कार्यक्रम संचालन गरिनेछ । यसको लागी जिल्ला स्थित कृषि कार्यालय, नगरपालिकाको कृषि शाखा र अन्य सरोकारबालाहरुसंग आवश्यक परामर्श, छलफल, पैरवी र संयोजन गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- बहु क्षेत्रीय पोषण कार्यक्रम, एकिकृत शिघ्र कुपोषण व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धी कार्यक्रमहरु स्वास्थ्यको बार्षिक कार्यक्रममा विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा पोषण पुर्नस्थापना केन्द्रहरू स्थापना गरि अति कुपोषित बालबालिकाहरुलाई उपचारको व्यवस्था मिलाईनेछ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन बिक्रि बितरणको लागी नियमन गरिने छ । कुनै पनि तैयारी खानेकुराहरुमा अनिबार्य लेवलिङको व्यवस्था गरिने छ । यस किसिमको कार्यको निगरानी नगरपालिका आफैले एक “पालिका स्तरीय खाद्य पदार्थ गुणस्तर निर्धारण समिति” निर्माण गरि सो को निगरानी गर्नेछ र संघिय कानुन बमोजिम कामकारबाही गर्नेछ ।
- नगरपालिका भित्रका सम्पूर्ण दुईबर्ष मूनिका बालबालिकाको सबै स्वास्थ्य संस्थाहरुबाट नियमित बृद्धि अनुगमन गरिनेछ । गर्भवति र २ बर्षमूनीका बच्चाका आमाहरुको पोषणको स्थीति सुधार गरिनेछ । सो कार्यका लागी सबै स्वास्थ्य संस्थाहरुमा आवश्यक सम्पूर्ण औषधि, औजार तथा उपकरणहरु र जनशक्तिको व्यवस्थापन नगरपालिका आफैले गर्नेछ । यसको सम्पूर्ण व्यवस्थापकिय कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।

**नीति. १७. जनसंख्या व्यवस्थापनलाई नगरपालिका बिकासको मुल खम्बाको रुपमा संस्थागत गर्ने ।**

- नगरपालिका भित्र जन्म, मृत्यु, बसाईसराई जस्ता ब्यक्तिगत घटना दर्ता कार्यलाई ब्यवस्थित गरिनेछ । यस कार्यमा प्रत्येक गर्भबतीले प्रोटोकल अनुसार ८ पटक गर्भ जाँच, परामर्श, २२५ आईरन चक्की र क्याल्सियम, ९० चक्की फोलिक एसिड, जुकाको औषधी र टिडी खोप, स्वास्थ्य संस्थामा नै दक्ष प्रशुतीकर्मी मार्फत सुत्केरी सेवा, प्रोटोकल अनुसार ४ पटक सुत्केरी जाँच, बच्चालाई ६ महिनासम्म आमाको दुधमात्र खुवाउने, बच्चाले पाउने सम्पूर्ण खोप सेवा, बच्चालाई २ बर्षसम्म बृद्दि अनुगमन, आमाको दुध र थप पोषिलो खानेकुरा आदी सम्पूर्ण कार्यहरुको सुनिश्चित गरिनेछ । यसको सम्पूर्ण व्यवस्थापकिय कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- जनसंख्या सम्बन्धित सूचनालाई बिकासका योजना तर्जुमा गर्दा र कार्यक्रम निर्माण गर्दा प्रमुख आधारको रुपमा उपयोग गरिनेछ ।
- हरेक बालबालिकाको अनिवार्य जन्मदर्ता समयमै (३५ दिन भित्र) गर्ने गराउने ब्यवस्था गरि ५ बर्ष सम्म ट्र्याकिङ गरिने छ ।
- समुदायस्तरमा भएको हरेक नवजात शिशु एवं मातृमृत्युको कारण पहिचान गर्न मृत्युपश्चात गरिने भर्बल अटप्सि विधिलाई व्यवस्थित गरिनेछ । यसको सम्पूर्ण व्यवस्थापकिय कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा

व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीको सहयोग तथा सहकार्यमा गर्ने गरी व्यवस्थापन गरिनेछ ।

- मौसमी बसाई सराई, श्रम बसाई सराई, यार्सा एवं जडिबुटी संकलनको समयमा आधारभूत स्वास्थ्य सेवा, घुम्ती स्वास्थ्य क्लिनिकहरु मार्फत स्वास्थ्यकर्मीहरुद्वारा प्रदान गरिने व्यवस्था गरिनेछ । यसको सम्पूर्ण व्यवस्थापकिय कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- वडा समितिहरुसँग समन्वय गरि दुर्गममा छरिएका र जोखिममा रहेको बस्ती पहिचान गर्ने, एकिकृत बस्ती विकासको लागि अध्ययन एवं पैरबी गर्नुका साथै वस्ती विकास योजना तर्जुमा गरी संघीय सरकार र प्रदेश सरकारसंगको समन्वय र सहयोगमा वस्ती विकास कार्यक्रम कार्यान्वयन गर्न जोड दिइनेछ । प्रत्येक बस्तीहरुबाट परिवार नियोजनका साधन प्रयोगकर्त्तादर बृद्दि गर्न चाहना हुदाँहुदै पनि परिवार नियोजनका साधन प्रयोग गर्न नपाएका दम्पतीहरुको पहिचान गरी सो बाधाको पहिचान गरि योजना बनाई शिध्र त्यसको समाधान गर्ने व्यवस्था गरिनेछ । जिल्ला स्थित अन्य सरोकारबाला र गैर सरकारी संस्थाहरुसंग समन्वय गरेर त्यस्ता बस्तिहरुमा आवश्यकता अनुसार परिवार नियोजनको क्याप वा शिविर संञ्चालन गरिनेछ । यसको सम्पूर्ण व्यवस्थापकिय कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- स्वस्थ्य, सुखी परिवार बनाउन वडा समिति तथा स्वास्थ्य संस्थाहरुसंग समन्वय र सहकार्यमा ब्यवस्थित परिवार एवं परिवार नियोजन सम्बन्धि कार्यक्रमहरु बार्षिक योजनामा समाबेश गरि संचालन गरिनेछ ।
- स्वास्थ्यमा दिगो विकास  लक्ष्य हासिल गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्नुका साथै  बहुपक्षीय, दुईपक्षीय, तथा राष्ट्रिय, अन्तराष्ट्रिय, बहुक्षेत्रीय सहकार्यद्धारा विकास साझेदारहरुको सहयोगलाई प्रभावकारी ढंगबाट परिचालन गरिनेछ ।

**नीति १८.** यस नगरपालिका भित्र हुने कृयाकलायहरु जस्तैः कम उमेरका हुने बिवाह र गर्भवती, लैङ्गिक हिंसा, मादक पदार्थ र लागु औषध सेवन, हानिकारक प्रचलन, बिभेदपूर्ण लिंग छनौट आदी ईत्यादीको कार्यहरुलाई निरुत्साहित तथा कानुनी दायरामा ल्याईने छ ।

- यस नगरपालिकाले आफ्नो बार्षिक स्वास्थ्य कार्यक्रमहरुमा स्वास्थ्य सचेतना कार्यक्रमहरु समाबेश गर्नेछ ।
- बिभिन्न सरोकारवालाहरु संगको समन्वयमा बाल विबाह र कम उमेरमा हुने गर्भवती, लैङ्गिक हिंसा, मादक पदार्थ र लागु औषध सेवन, हानिकारक प्रचलनहरुलाई निरुत्साहित, नियमन र प्रचलित कानुन अनुसार कारवाहि गरिनेछ ।
- यस पालिका भित्रका नागरिकहरुबाट हुने बिभेदपूर्ण लिङ्ग छनौट गरी हुने गैर कानुनी कार्यहरुलाई निरुत्साहित गर्ने र सरोकारवालाहरुको समन्वय र सहकार्यमा प्रचलित कानुन अनुसारको कारवाहिको सिफारिस गरिने छ ।

**नीति १९. बिबिध**

- सामुदायिक स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन नयाँ लिईने महिला स्वास्थ्य स्वंय सेबिकाहरुको कम्तीमा शैक्षिक योग्यता एस. एल. सी वा एस. ई. ई. उर्तिण भएकालाई छनौट गरी आधारभुत तालिमको व्यवस्था गरीने छ भने अन्य पेशा व्यवसाय गरेकाहरुलाई अवसर दिईने छैन ।
- नगरपालिकामा नियमित औषधि आपूर्तिका लागि आफ्नै छुट्टै स्टोरको व्यवस्थापन गरी संघ र प्रदेशबाट प्राप्त  सामाग्री र औषधिको व्यवस्थापन गरी सिधै स्वास्थ्य संस्थामा पठाउने व्यवस्था गर्ने छौ ।
- नगरपालिकाको मुख्य बजारमा शहरी स्वास्थ्य केन्द्रको पनि व्यवस्था गरिनेछ, जसमा राज्यबाट प्रदत्त निशुल्क स्वास्थ्य सेवाको साथै सर्बसुलभ रुपमा केहि सःशुल्क सेवाहरुको पनि बिस्तार गरिनेछ ।
- यस नितिमा रहेका व्यवस्थाहरु कार्यान्वयन गर्न बिद्यमान नीतिहरु र नयाँ बन्ने त्यस्ता नीतिहरु सहयोगी र परिपूरक हुनेछन् ।
- सेवाग्राही जनतालाई उचित गुणस्तरको, यथेष्ठ, उपयुक्त र यथासमय स्वास्थ्य सेवा छिटो छरितो उपलब्ध होस् भन्ने ध्येयले निजी, व्यापारीक समुदाय, सहकारी, सामुदायिक तथा बिकासका साझेदार संस्थाहरु र नाफा नकमाउने सेवा प्रदायकहरुसँग साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।
- गाँउघर क्लिनिक तथा खोप क्लिनिकहरु भौतिक पूवार्धार सहित व्यवस्थापन गरिनेछन् ।
- नगरपालिकामा खोप भण्डारणको लागि आफ्नै कोल्डचेनको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति र स्वास्थ्य आमा समुहलाई थप सक्षम बनाउन उनिहरुलाई तालिम, गोष्ठि तथा रचनात्मक कृयाकलापहरुमा समाबेस गरिनेछ ।
- सुनौला हजार दिनको आमाहरुलाई बिशेष प्राथमिकतामा राखि उनिहरुको र बच्चाको पोषणको अवस्थामा सुधार ल्याईनेछ ।
- घरमै प्रशुति हुनेको संख्या शुन्य गराउन जिरो होम डेलिभरीको कार्यक्रमहरु बनाई लागुगरिनेछ ।

**८. संस्थागत व्यवस्थाः**

८.१. नीति कार्यान्वयनका लागि नगरपालिकाको नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहनेछन । त्यस्तै बिशिष्टिकृत स्वास्थ्य सेवा प्रवाहका लागि नगरपालिका भित्र रहेको जिल्ला अस्पताल र स्वास्थ्य कार्यालयसँग सहकार्य गरिनेछ ।

८.२ मानव संशाधन विकासका लागि सुदुर पश्चिम प्रदेश सरकार, प्रदेश लोक सेवा आयोग, स्वास्थ्य विज्ञान प्रतिष्ठान, मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरुसंग क्षमता अभिबृद्धिका लागि समन्वय गरिनेछ । स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा रहेका आधारभूत स्वास्थ्य केन्द्रलाई भौतिक पूर्वाधार व्यवस्थापन गरि प्रवाभकारी र गुणस्तरीय स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।

**९.. वित्तीय स्रोतः**

यस नीतिको कार्यान्वयन मूलतः नगरपालिकाको सामाजिक विकास शाखाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्देश्यहरु हासिल गर्न यस नगरपालिकाका सबै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र सुदुर पश्चिम प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्था र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ । यसको सम्पूर्ण व्यवस्थापकीय कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।

**१०.. अनुगमन तथा मूल्याङ्कनः**

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूयांकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । वडा समितिहरु एवं अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक तीन वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ । यसको सम्पूर्ण व्यवस्थापकिय कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ साथै प्रत्येक आर्थिक वर्षमा स्वास्थ्यको बजेट कम्तीमा १० % का दरले विनियोजन गरिनेछ भने प्रत्येक वर्ष क्रमशः बृद्धि गर्दै लगिनेछ ।

**११. कार्ययोजनाः**

यस नीति कार्यान्वयनका लागि यस नगरपालिका स्तरीय स्वास्थ्य तथा सरसफाई ऐन तर्जुमा गरिनेछ । स्वास्थ्यसँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अर्न्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन कार्ययोजना बनाईने छ । यही कार्ययोजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण र कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ । यस सम्बन्धि कार्य स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने र सामाजिक बिकास समितिमा रिपोटिङ गर्ने र सामाजिक बिकास समितिले आवश्यकता अनुसार परिमार्जन गरी कार्यपालिकामा पेश गर्नेछ । कार्यपालिकाले बिश्लेषण गरि सो को व्यवस्थापन गर्नेछ ।

**१२. जोखिमः**

राज्यको पुनःसंरचनाको सिकाइको चरण, बढ्दो जनआकांक्षा, नगरपालिका संस्थागत बिकासको चरणमा रहेको, सिमित साधन र स्रोत, प्राथमिकतामा स्वास्थ्य क्षेत्र, समग्र बिकासको मुद्दाका रुपमा स्थापित गराउनु पर्ने बिद्यमान अवस्थामा यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन । यद्यपी उल्लेखित जोखिमको बाबजुद नगरवासीलाई सर्वसुलभ, गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गरी स्वस्थ नागरिकहरु तयार गर्न यस स्वास्थ्य नीति २०८१ को प्रभाबकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्युनिकरण गरिनेछ ।

**१३. खारेजीः**

यस स्वास्थ्य नीतिलाई समयानुकुल समिक्षा गरिनेछ र आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ, यसरी परिमार्जित स्वास्थ्य नीति बनि नगर सभाबाट स्वीकृत भएको मितीबाट यो नीति खारेज हुनेछ ।